**मिति २०८०/०३/०१ गते शुक्रबार १३९औं कार्यपालिका बैठक**

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा।
२. कार्यदल गठन सम्बन्धमा।
३. नगर खेलकुद विकास समितिमा सदस्य चयन सम्बन्धमा।
४. वडा नं. ६ पिपल छहारीको ड्यामको आउटलेट संरक्षण तथा पानी बटुवा निर्माण सम्बन्धमा।
५. वडा नं. ६ लखुवारमा रहेको प्राकृतिक जरुवा मर्मत सम्बन्धमा।
६. रोजगार संयोजक किरण गौतमको करार सम्झौता सम्बन्धमा ।
७. बहुवर्षीय योजनामा विनियोजित रकम बाँडफाड सम्बन्धमा।
८. राजश्व तथा लागत सहभागिता रकम फिर्ता सम्बन्धमा।
९. दाङ तेक्वान्दो संघलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा।
१०. विपन्न नागरिकहरुको औषधी उपचार खर्च रकम भुक्तानी सम्बन्धमा।
११. वडा नं. १० कमला के.सी.लाई शौचालय निर्माणका लागि सहयोग सम्बन्धमा।
१२. आर्थिक सहयोग।
   - भुमि अधिकार तथा श्रमिक संगठन नेपाल दाङ जिल्ला कमिटी।
   - श्री गंगा माध्यामिक विद्यालय रामपुर दाङ।
   - अखिल नेपाल महिला संघ लुम्बिनी प्रदेश कमिटी।
   - नेपाल विद्यार्थी संघ जिल्ला कार्य समिति दाङ।
   - वडा नं. ५ मेघ बहादुर बस्नेतलाई औषधी उपचार खर्च।
   - अखिल नेपाल किसान महासंघ।

मिति २०८०/०३/०१ गते शुक्रबार १३९औं कार्यपालिका बैठक

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो ।

**निर्णय नं. २**

आगामी आ.व. २०८०/०८१को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम निर्माणका लागि सहयोग पुर्याउन पूर्वाधार तथा भूमि व्यवस्थापन महाशाखा प्रमुखज्यूको संयोजकत्वमा तपसिल बमोजिमको सदस्य रहने गरी एक कार्यदल गठन गर्ने ।

**तपसिलः**

| | |
|---|---|
| १. पूर्वाधार तथा भूमि व्यवस्थापन महाशाखा प्रमुख | संयोजक |
| २. वित्तीय व्यवस्थापन महाशाखा प्रमुख | सदस्य |
| ३. आन्तरिक व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| ४. बजेट तथा राजश्व व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| ५. सूचना प्रविधि अधिकृत | सदस्य |
| ६. कम्प्युटर अपरेटर | सदस्य |
| ७. सूचना तथा सञ्चार प्रविधि शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि २०७९ को दफा ३ को उपदफा १ बमोजिमको समितिमा नगर राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट कार्यपालिकाबाट मनोनित कम्तिमा एक जना महिला सहित वढीमा २ जना सदस्य चयन गर्नुपर्ने व्यवस्था बमोजिम तपसिल बमोजिमका व्यक्तिलाई सदस्य चयन गर्ने।

तपसिलः

१. सुनिता विष्ट, घोराही उपमहानगरपालिका वडा नं. १७

२. दामोदर शर्मा, घोराही उपमहानगरपालिका वडा नं. १७

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका वडा नं. ६ मा रहेको छहारी डयामको आउटलेट संरक्षण तथा पानी बट्वा निर्माणका लागि प्राविधिकबाट लागत इस्टीमेट तयार गरी घोराही उपमहानगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन शाखा अन्तर्गत रहेको कृत्रिम जलाशय वरीपरी तारबार शीर्षकबाट खर्च हुने गरी तत्काल मर्मत गर्ने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिका वडा नं. ६ लखुवारमा रहेको प्राकृतिक जरुवा मर्मतका लागि आवश्यक रकम लागत इस्टिमेट अनुसारको रकम रु.३४,०००।– (चौतिस हजार) घोराही उपमहानगरपालिकाको सार्वजनिक उपयोगिताको सेवा खर्च शीर्षकबाट खर्च हुने गरी तत्काल मर्मत गर्ने।

## मिति २०८०/०३/०१ गते शुक्रबार १३९औं कार्यपालिका बैठक

**निर्णय नं. ६**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं. २०७९/०८० च.नं./PMEP/११२ मिति २०७९।०६।०४ को पत्र अनुसार आपसी सहमतीको आधारमा एक स्थानीय तहमा कार्यरत रोजगार संयोजकलाई अर्को स्थानीय तहमा करार गरी कामकाज गराउन **रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धि मापदण्ड २०७६**मा व्यवस्था भए बमोजिम उक्त कार्य सम्बन्धी अधिकार स्थानीय तहमा हस्तान्तरण गरिएको व्यहोरा उल्लेख भए अनुसार यस कार्यालयमा रिक्त रहेको दरवन्दीमा तुलसीपुर उपमहानगरपालिका र घोराही उपमहानगरपालिका दाङको आपसी सहमतीको आधारमा तुलसीपुर उपमहानगरपालिकामा कार्यरत रोजगार संयोजक किरण गौतम (स्थायी ठेगाना तुलसीपुर उपमहानगरपालिका वडा नं. १० भएका)लाई रोजगार संयोजक पदमा करार सम्झौता गरी कामकाजमा लगाउने यस कार्यालयको निर्णयलाई अनुमोदन गर्ने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको नगरकार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार बहुवर्षीय योजनाको रुपमा आगामी आ.व.मा भुक्तानी हुने गरी ठेक्का आव्हान गर्न योजना छनौट गरिएकोमा तपसिल बमोजिमका केही योजनाहरुको शीर्षक तथा रकम परिवर्तन गरी ठेक्का आव्हान गर्न अनुमती दिने।

**तपसिलः**

| सि.नं. | योजनाको नाम | योजना स्थल | अनुमानित ल.ई.मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|
| १ | चित्राङ्गत डि.सी.को घरदेखि नयाँ बस्ती दामोदर सडक जोडने सडक | वडा नं. १७ | ५०,००,०००।- | |
| २ | घोराही १७ कर्जाहीमा रहेको लालमणी पन्तको घरहुँदै दामोदर सडक जोडने सडक | वडा नं. १७ | ५०,००,०००।- | |
| ३ | वडा नं. १३ मंलेरीदेखि गुज्रेखोला वडा नं. १२ को बसन्तपुर कृष्णपुरहुँदै साइपुर जोडने सडक स्तरउन्नती | वडा नं. १३ | ८०,००,०००।- | |
| ४ | वडा नं. १३ मंलेरी कृष्ण शाहको घरदेखि पदम महतराको घरहुँदै पिताम्बर के.सी.को घरसम्मको सडक स्तरोन्नती | वडा नं. १३ | ४०,००,०००।- | |
| ५ | वडा नं. १० दक्षिण अम्राई तिनकुने चोकदेखि उत्तर अम्राई पहेलपार केशर योगीको घर, अर्घु थारुगाउँ हुँदै घोराही १२ जोडने सडक स्तरउन्नती | वडा नं. १० | १,२०,००,०००।- | शीर्षक परिवर्तन |

## मिति २०८०/०३/०१ गते शुक्रबार १३९औं कार्यपालिका बैठक

**निर्णय नं. ८**

८.१ घोराही उपमहानगरपालिका वडा नं. १८, बसन्ता कवर योगीको नक्सापास दस्तुर निकाल्ने क्रममा लिइएको घरको क्षेत्रफल १३६०.५९ वर्ग फिट हुनुपर्नेमा भूलवस २३४४.९४ वर्ग फिट हुन गई सोहि अनुसारको राजश्व दस्तुर बुझाइएकोमा बढी भएको क्षेत्रफल ९८४.३५ वर्ग फिटको नियमानुसारको दरले हुन आउने रकम रु.२३६२४.४०।– घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने।

८.२ घोराही उपमहानगरपालिकाको चालु आ.व. २०७९/८०को वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका योजनाहरु विविध कारणले उपभोक्ता समितिबाट सम्पन्न हुन नसक्ने भएको हुँदा उक्त योजना कार्यान्वयनका लागि उपभोक्ता समितिबाट विभिन्न मितिमा यस कार्यालयको राजश्व शाखामा जम्मा गरिएको लागत सहभागिता वापतको रकम घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने।

| सि.नं. | योजनाको नाम | लागत सहभागिता वापत बुझाइको रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ८ बुधौरा इन्द्रासन अधुरो मन्दिर निर्माण | ५०००।- | मितिः २०८०।०१।०५, रसिद नं. २४५८७ |
| २ | वडा नं. १७ आरोग्य चोकदेखि आरोग्य ड्यामसम्म बाटो स्तरउन्नती | २५०००।- | मितिः २०८०।०१।२५, रसिद नं. ६७९४५ |

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका वडा नं. १५ को शहरी स्वास्थ्य केन्द्रको उत्तर तर्फको साविक गा.वि.स घोराही वडा नं. ८ख सरकारी जग्गा कि.नं. १०१ ज.वि ०-०-६ र कि.नं. ३३० ज.वि. ०-४-१४ रहेको जग्गाबाट अन्दाजी २ कठ्ठा जग्गामा तेक्वान्दो खेल खेल्न हल निर्माणका लागि दाङ जिल्ला तेक्वान्दो संघलाई उक्त जग्गा भोगाधिकार उपलब्ध गराइदिनुहुन भनि १५ नं. वडा कार्यालयको च.नं. ७६०५, मिति २०८०।०२।१० गतेको पत्रबाट सिफारिस भई आएकोले उक्त जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति २०७९को दफा ६ बमोजिम उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिका र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङसँग गरिएको सहमती अनुसार विपन्न नागरिकहरुको उपचारको लागि विभिन्न वार्ड, ICU, NICU मा भर्ना भई स्वास्थ्य उपचार गराइ लागेको खर्च रकम रु. १,५७,९५०।– (एक लाख सन्ताउन्न हजार नौ सय पचास मात्र) घोराही उपमहानगरपालिकको जनस्वास्थ्य प्रवर्द्धन शाखा अन्तर्गत रहेको सरकारी अस्पतालको सहकार्य (प्रतिष्ठान समेत) नगरवासी गरिब घर परिवार परिचयपत्र बाहक नागरिकका लागि विपन्न नागरिक स्वास्थ्य सहायता शीर्षकबाट राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई भुक्तानी दिने।

## मिति २०८०/०३/०१ गते शुक्रबार १३९औं कार्यपालिका बैठक

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. १० अर्घु निवासी कमला के.सी.को आर्थिक अवस्था कमजोर रहेको साथै अपांग समेत रहनुभएको उहाँलाई घरमा शौचालय निर्माण गर्न अत्यावश्यक रहेकोले घोराही उपमहानगरपालिकाबाट लागत लागत इस्टिमिट तयार गरी वढीमा ७५,०००।- घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट शौचालय निर्माणका लागि सहयोग उपलब्ध गराउने।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिकामा निम्न, व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।

| **क्र.स.** | **संस्था, व्यक्ति तथा कार्यक्रमको नाम** | **सहयोग रकम रु** | **कैफियत** |
|---|---|---|---|
| १. | भूमि अधिकार तथा श्रमिक संगठन नेपाल दाङ जिल्ला कमिटी | २५,०००।- | जिल्ला अधिवेशन |
| २ | गंगा मा.वि. रामपुर दाङ | २५,०००।- | लुम्बिनी प्रदेश स्तरीय जुनियर रेडक्रस सर्कलको प्रथम गोष्ठी |
| ३ | अखिल नेपाल महिला संघ(अनेमसंघ) लुम्बिनी प्रदेश कमिटी | २०,०००।- | प्रदेश कमिटीको प्रथम सम्मेलन सम्पन्न गर्न |
| ४ | नेपाल विद्यार्थी संघ जिल्ला कार्य समिति दाङ | २०,०००।- | गणतन्त्र दिवसको अवसरमा विविध प्रतियोगितात्मक कार्यक्रमका लागि |
| ५ | साउने रोका<br>घोराही उपमहानगरपालिका वडा नं. ५ | १५०००।- | औषधी उपचारको लागि |
| ६ | गणित शिक्षा परिषद, राष्ट्रिय कार्यसमितिको कार्यालय, लगनखेल, ललितपुर | १००००।- | एक दिने कार्यशाला संचालनका लागि |
| ७ | अखिल नेपाल किसान महासंघ जिल्ला समन्वय समिति | २५०००।- | राष्ट्रिय धान दिवस मनाउनको लागि |

<u>**मिति २०८०/०३/०१ गते शुक्रबार १३९औं कार्यपालिका बैठक**</u>